# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल

०७८-५७५३९६, ०७८-५७५०१०
ईमेल: Devchulimunicipality@gmail.com


प.स. ०७९/८०
च.नं.

मिति:२०७९।१०।१६

**कवाडी कर ठेक्का लगाउने सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

दोस्रो पटक प्रकाशित मिति: २०७९।१०।१६

देवचुली नगरपालिकाको क्षेत्र भित्र उत्सर्जन भई संकलन भएका कवाडी मालसमान निकासी करको लागि आर्थिक वर्ष २०७९।८० को बाकी सयम अवधिको लागि बन्दोबस्त गर्नुपर्ने नगरपालिकाले तोकेको शर्तको अधिनमा रही रितपूर्वक यो सूचना प्रकाशित मितिले ७ दिनभित्र सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ।

ठेक्का विवरण:

| आय ठेक्का नं | न्यूनतम कबोल अंक (भ्याट बाहेक) रु | अवधि | दरभाउपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| २।०७९।८० | ४,००,०००। | ठेक्का सम्झौता भएको अवधिबाट २०८० असार मसान्त सम्म | १,००० फिर्ता नहुने गरी। | |

१) ठेक्का अवधि सम्झौता अवधि भएको मितिले अर्थिक वर्ष २०७९।८० सम्म रहनेछ।

२) ठेक्का अवधिको न्यूनतम अंक मूल्य अभिबृद्विकर बाहेक रु ४,००,०००।( चार लाख मात्र) रहनेछ।

३) ठेक्काको दरभाउपत्र यस कार्यालयको शाजश्व शाखामा नगदै जम्मा गरी खरिद गर्न सकिनेछ। एउटा फर्म वा व्यक्तिको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिको नामबाट पेश गर्न पाईने छैन।

४) ईच्छुक इजाजत प्राप्त फर्म वा संस्था दर्ताको प्रमाणित प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ।

५) बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रको नाम थर, ठेगना, फोन नं समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

६) ठेक्का कबोल अंकको मुल्य अभिबृदि कर १३% (प्रतिशत) राजश्व ठेक्का लिने फर्म वा संस्थाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ।

७) ठेककाको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र खरिद गरी ८ औं दिनको १ बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ। सोही दिनको २ बजे दरभाउ पत्र खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन यदि उक्त दिन सार्वजनिक बिदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खोलेको पहिलो दिन दरभाउ पत्र खोलिनेछ।

८) न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

गोठन प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल

०७८-५७५३९६, ०७८-५७५०७०
ईमेल: Devchulimunicipality@gmail.com

प.स. ०७९/८०
च.नं.

मिति:२०७९।१०।०६

९) बोलपत्र साथ आफूले कबुल गरेका रकमको ५ प्रतिशत हुन आउने रकम यस कार्यालयको एन.आईसी.एसिया बैङ्क, दलदले शाखामा रहेको धरौटी खाता नं ०७७२०५००२११६५००७ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

१०)कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईने छैन।

११)ठेक्का कोबोल गर्ने ठेकदारले देवचुली नगरपालिको नगरसभाबाट पास भएको दररेटमा कबाडी कर संकलन गर्नु पर्नेछ

१२)स्वीकृत भएको दरभाउपत्रदाताले ठेक्का स्वीकृत भएको १ हप्ता भित्र आफूले कबोल गरेको रकम नगरपालिकाको आन्तरिक राजश्व शाखामा र मुल्य अभिवृद्धि कर आन्तरिक राजश्व कार्यालयमा जम्मा गरी सम्झौता गर्नु पर्ने छ ।

१३)बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१४)यसमा नपरेका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner